गण्डकी प्रदेश सरकार

## कृषि भूमि व्यस्था तथा सहकारी मन्त्रालय

## पशुपन्छी अनुसन्धान विकास तथा प्रशिक्षण केन्द्र

# आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक तथा नौमासिक प्रगति विवरण



प्रतिवेदन प्रस्तुत गर्नेः

पशुपन्छी अनुसन्धान विकास तथा प्रशिक्षण केन्द्र

गण्डकी प्रदेश, पोखरा

चैत्र २०८२

## विषय सूचि


१. परिचयः ........ 3

२ उद्देश्यः ........ 3

३. कार्यनीति ........ 4

४. प्रशिक्षण केन्द्रका मुख्य कार्यहरू (TOR): ........ 5

५. जनशक्ति पदपुर्ति विवरण ........ 5

६. कार्यालय प्रमुख र सूचना अधिकारी ........ 6

७. नौमासिक प्रगति विवरण ........ 6

८. नौमासिक बजेट निकासा र खर्च विवरण ........ 7

९. तृतीय त्रैमासिक तथा नौमासिक मुख्य उपलब्धी विवरण ........ 7

१०. अनुदान कार्यक्रम विवरण ........ 8

११. तालिम सञ्चालन तथा पाठ्यक्रम विकास कार्यमा संलग्न समितिहरुः ........ 9

१२. सेवा शुल्कः ........ 10

१३. वेबसाइट/इमेल ........ 10

१४. सूचना वर्गीकरणः ........ 10

## १. परिचयः

वि.सं. २०५२ साल आषाढ महिनामा कृषि विकास विभागको संरचनामा परिवर्तन भइ पशु सेवा विभागको स्थापना पश्चात पशु सेवा तर्फको तालिम कार्यक्रमहरु सुचारु रुपले संचालन गर्न गराउनका लागि केन्द्रीय स्तरमा पशुसेवा तालिम तथा प्रसार निर्देशनालय र यस अन्तर्गत पाँचविकास क्षेत्रमा क्षेत्रीय पशु सेवा तालिम केन्द्रको स्थापना भएको थियो। जस मध्ये पश्चिमाञचल विकास क्षेत्रमा क्षेत्रीय पशु सेवा तालिम केन्द्र, पोखरा एक हो। उक्त तालिम केन्द्रले पश्चिमान्चल विकास क्षेत्र अन्तर्गतका १६ जिल्लाहरुबाट कृषकहरु तथा पशु सेवा र पशु स्वास्थ्य क्षेत्रमा कार्यरत निजी तथा सरकारी सहायक स्तरका प्राविधिक कर्मचारीहरुलाई पशु सेवा प्रविधि सम्वन्धी ज्ञान, सीप तथा क्षमतामा अभिवृद्धि गर्न विभिन्न विषयगत तालिमहरु संचालन गर्दै आईरहेको थियो। यसका साथै तालिम केन्द्रले अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरी तालिमहरु संचालन गर्ने तथा यस्ता निकायद्वारा संचालित तालिमहरुको अनुगमन र मुल्यांकन समेत गर्ने गर्दथ्यो।

नेपालको संविधान २०७२ अनुसार संघियता कार्यान्वयन संगै विगतको क्षेत्रिय पशु सेवा तालिम केन्द्र हाल गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य सम्बन्धी कृषक/व्यवसायी, प्राविधिक र अधिकृतस्तरका विभिन्न तालिम कार्यक्रमहरु संचालन गर्ने निकायको रुपमा पशु सेवा तालिम केन्द्रमा रुपान्तरण गरियो। यस पशु सेवा तालिम केन्द्रको कार्यालय माननिय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्गज्यूबाट २०७५ साल भाद्र १२ गते समुद्घाटन भई आफ्ना कार्यक्रमहरु संचालन गर्दै आईरहेकोमा प्रदेश सरकारबाट मिति २०८२/०५/१५ मा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ अनुसार कार्यालयको थप कार्य विवरण सहित पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्रको रुपमा स्तरोन्नति भएको छ। कार्यालयको परिमार्जित कार्य विवरण अनुसार पशुपन्छी क्षेत्रको समस्याहरु समाधान गर्नको लागि कार्यमूलक अनुसन्धान, प्रदेशभरका लागि पशुपन्छीका खोप तथा अन्य सेवा प्रवाहसँग सम्बन्धित सामग्रीहरुको आपूर्ती व्यवस्थापन र कृषक, सहायक तथा अधिकृतस्तर प्राविधिक कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण कार्यक्रमहरु सञ्चालन सम्बन्धी कार्य अगाडी बढाइएको छ।

## २ उद्देश्यः

पशुपन्छी अनुसन्धान विकास तथा प्रशिक्षण केन्द्रको मुख्य उद्देश्य मुख्य उद्देश्य यस प्रकार छन्।

- **उत्पादन र आर्थिक आत्मनिर्भरताः** पशुपन्छी तथा मत्स्य पालनको व्यवसायीकरण, विविधीकरण र बजारीकरणमार्फत स्वरोजगार सिर्जना गरी आयआर्जन बढाउने र निर्यात प्रवर्द्धन गर्ने।

- **अनुसन्धान र प्रविधि विकासः** वैज्ञानिक अनुसन्धान र नवीन प्रविधिको विकास तथा प्रसार गरी उत्पादन प्रणालीमा सुधार ल्याउने र उत्पादकत्व वृद्धि गर्ने।
- **पशु स्वास्थ्य र कल्याणः** रोग नियन्त्रण र खोप व्यवस्थापनलाई सुदृढ गर्दै पशु कल्याणका विश्वव्यापी मान्यता अनुसार उचित हेरचाह, आवास र स्वास्थ्य सुनिश्चित गर्ने।
- **क्षमता विकास र जीविकोपार्जनः** कृषक, प्राविधिक र उद्यमीहरूको क्षमता अभिवृद्धि गरी ग्रामीण समुदायको पोषण अवस्था, जीवनस्तर र गरिबी न्यूनीकरणमा सुधार ल्याउने।

## ३. कार्यनीति

### १. अनुसन्धान तथा प्रविधि विकास

- उत्पादन, नश्ल सुधार, आहार र रोग व्यवस्थापनमा कार्यात्मक अनुसन्धान गर्ने।
- पशु कल्याणका मापदण्ड अनुरूपका नवीन तथा उपयुक्त प्रविधिको परीक्षण र प्रमाणीकरण कार्य गर्ने।

### २. प्रविधि प्रसार र विस्तार

- कृषक तथा प्राविधिक माझ सफल प्रविधिहरूको व्यापक प्रसार गर्ने।
- पशु कल्याण र उन्नत पालन प्रविधि समेटिएका सूचना, शिक्षा तथा सञ्चार सामग्री विकास गर्ने।

### ३. रोग नियन्त्रण तथा पशु स्वास्थ्य

- पशु स्वास्थ्य सुरक्षा गर्न रोग निगरानी प्रणाली सुदृढ गर्ने।
- भ्याक्सिन बैङ्क सञ्चालन, प्रभावकारी वितरण र आपतकालीन उपचार सेवाको व्यवस्था गर्ने।

### ४. तालिम तथा क्षमता विकास

- आवश्यकतामा आधारित तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।
- प्राविधिक दक्षता समेटिएको पाठ्यक्रम विकास तथा अद्यावधिक गर्ने र प्राविधिक दक्षता अभिवृद्धि गर्ने।

### ५. सहकार्य तथा समन्वय

- अनुसन्धानका क्षेत्रमा कार्यरत संस्था, विश्वविद्यालय, निजी क्षेत्र र साझेदारहरूसँग समन्वय गर्ने।

६. पशुपन्छ तथा मत्स्य व्यवसाय प्रवर्द्धन

- गुणस्तरीय उत्पादनमार्फत उद्यमशीलता र बजार पहुँच अभिवृद्धि गर्ने।

## ४. प्रशिक्षण केन्द्रका मुख्य कार्यहरू (TOR):

- नीतिगत तथा कानूनी व्यवस्थाका लागि अनुसन्धान र पृष्ठपोषण गर्ने।
- प्रादेशिक कार्यक्रमहरूको कार्यान्वयन सुधार र प्रभावकारिता अभिवृद्धि गर्ने।
- सम्भाव्यता आधारित योजना तथा आयोजना विकास गर्ने।
- उत्पादन, उत्पादकत्व, नश्ल सुधार, रोग व्यवस्थापन तथा आनुवंशिक स्रोत संरक्षण कार्य गर्ने।
- घाँस, आहार तथा बीउ विकास सम्बन्धी अनुसन्धानात्मक कार्य।
- मूल्य श्रृंखला विकास र व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्य।
- जलस्रोत तथा मत्स्य जैविक विविधता संरक्षण सम्बन्धी कार्य।
- अनुसन्धान संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।
- नवीन प्रविधि परीक्षण र प्रसार सम्बन्धी कार्य।
- रोग निगरानी, खोप व्यवस्थापन तथा महामारी नियन्त्रण कार्य।
- पशु कल्याण प्रवर्द्धन कार्य गर्ने।
- तालिम आवश्यकता पहिचान, पाठ्यक्रम विकास र क्षमता अभिवृद्धि ।
- तालिम सञ्चालन, मूल्याङ्कन र सुधार ।
- प्रविधि प्रसार सामग्री विकास र वितरण ।

## ५. जनशक्ति पदपुर्ति विवरण

| क्र.सं. | पद | तह | सेवा | समूह | दरबन्दी संख्या | पदपुर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | |
| १ | महानिर्देशक | ११औं | कृषि | ला.पो.डे.डे/भेटेरिनरी/मत्स्य | १ | १ | ० | ० |
| २ | वरिष्ठ पशु विकास अधिकृत/वरिष्ठ पशु चिकित्सक/वरिष्ठ मत्स्य विकास अधिकृत | ९/१०औं | कृषि | ला.पो.डे.डे/भेटेरिनरी/मत्स्य | २ | १ | ० | १ |
| ३ | पशु विकास अधिकृत | ७/८औं | कृषि | ला.पो.डे.डे | २ | २ | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | पशु चिकित्सक | ७/८औं | कृषि | भेटेरिनरी | २ | २ | ० | ० |
| ४ | मत्स्य विकास अधिकृत | ७/८औं | कृषि | मत्स्य | १ | ० | 0 | 1 |
| ५ | पशु सेवा प्राविधिक र बरिष्ठ पशु सेवा प्राविधिक | ५/६औं | कृषि | ला.पो.डे.डे | २ | २ | ० | ० |
| ६ | पशु स्वास्थ्य प्राविधिक र बरिष्ठ पशु स्वास्थ्य प्राविधिक | ५/६औं | कृषि | भेटेरिनरी | १ | ० | 0 | १ |
| ७ | मत्स्य प्राविधिक सहायक वरिष्ठ मत्स्य प्राविधिक सहायक | ४/५औं | कृषि | मत्स्य | १ | १ | ० | ० |
| ८ | प्रशासकीय अधिकृत/वरिष्ठ प्रशासकीय अधिकृत | ७/८औं | प्रशासन | सा.प्र. | १ | १ | ० | ० |
| ९ | लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत | ७/८औं | प्रशासन | लेखा | १ | १ | ० | ० |
| १० | हलुका सवारी चालक | तह २ | प्रशासन | विविध | २ | १ | १ | ० |
| ११ | कार्यालय सहयोगी | तह १ | प्रशासन | विविध | ३ | ३ | ० | ० |
| कुल | | | | | १९ | १५ | १ | ३ |
| **प्रतिशतमा** | | | | | १०० | ७८.९५ | ५.२६ | १५.७९ |

## ६. कार्यालय प्रमुख र सूचना अधिकारी

कार्यालय प्रमुखः डा. बाल कुमार श्रेष्ठ

गुनासो सुन्ने अधिकारीः शम्भुराज पाण्डे

सूचना अधिकारीः डा. सपनालक्ष्मी घिमिरे

## ७. नौमासिक प्रगति विवरण

| क्र.सं. | आयोजना/कार्य क्रमको को नाम | बजेट उप शिर्षक नं. | वार्षिक विनियोजित वजेट | नौमासिक विनियोजित वजेट रु लाख | कूल जम्मा खर्च | लक्ष्य भार | भार | भारित प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सरकार | ३१२०२०१२३ /१२४ | ८०४९० | ४३०.२० | १०३.४५ | ५३.४४ | १६.२० | ३०.३१ | २४.०५ |
| २ | संघ शसर्त | | | | | | | | |
| **जम्मा** | | | ८०४९० | ४३०.२० | १०३.४५ | ५३.४४ | १६.२ | ३०.३१ | २४.०५ |

## ८. नौमासिक बजेट निकासा र खर्च विवरण

| क.सं. | कार्यक्रम को नाम | वजेट उपर्शिक | वार्षिक विनियोजित कूल बजेट रू लाख | | | विनियोजित कूल बजेट | नौमासिक पूजिगत तर्फ | | | नौमासिक चालु तर्फ | | | कूल जम्मा निकासा/ खर्च | खर्च को प्रतिशत | वार्षिक बजेट को तुलना मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुँजिगत | चालु | जम्मा | नौमासिक | बजेट | निकासा/ खर्च | खर्च प्रतिशत | बजेट | निकासा/ खर्च | खर्च प्रतिशत | | | |
| 1 | प्रदेश सरकार | ३१२०२०१२३ /१२४ | १५.०० | ७८९.९१ | ८०४.९१ | ४३०.२० | १५.०० | ३.९८ | २६.५३ | ४१५.२० | ९९.४७ | २३.९६ | १०३.४५ | २४.०५ | १२.८५ |
| | जम्मा | | १५.०० | ७८९.९१ | ८०४.९१ | ४३०.२० | १५.०० | ३.९८ | २६.५३ | ४१५.२० | ९९.४७ | २३.९६ | १०३.४५ | २४.०५ | १२.८५ |

**कैफियतः** पशु सेवा तालिम केन्द्र र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मर्ज पछि पशुपन्छी अनुसन्धान विकास तथा प्रशिक्षण केन्द्रको लागि बजेट एकीकृत रूपमा चैत्र १५ मा मात्र अख्तियार प्राप्त भएको

## ९. तृतीय त्रैमासिक तथा नौमासिक मुख्य उपलब्धी विवरण

| क.सं. | कार्यक्रमको नाम | मुख्य उपलब्धी |
|---|---|---|
| १ | भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुलाइ पशु चौपायामा पूर्ण खोप कार्यक्रम संचालनको लागि आवश्यक खोपहरु बितरण | यस आ.ब.मा बिभीन्न जिल्लाहरुलाइ स्वाइन फिभर ४९०० डोज, पि.पि.आर ४३९५०० डोज, रेबिज ६२२०० डोज, खोरेत ४२६२५० डोज, एल.एस.डि ९१५२५ डोज गरि जम्मा १०२४३७५ डोज खोप बितरण गरि पशुको रोग नियन्त्रण कार्यक्रम संचालनमा सहयोग पुर्याएको |
| २ | प्रदेश र स्थानीय तहमा नवप्रवेशी चौंथो/पाँचौ तहका प्राविधिकहरुलाई (भेटेरिनरी, लापोडेडे र मत्स्य समूहका ) सेवा प्रवेश अभिमुखीकरण तालिम | गण्डकी प्रदेश लोक सेवाबाट गण्डकी प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरु र स्थानिय तहमा सिफारिस भइ आएका ५ जना महिला तथा २३ जना पुरुष गरि जम्मा २८ जना नबप्रबेशी प्राबिधीकहरुलाइ सेवा प्रवाह गर्दा आवश्यक ज्ञान, सिप हस्तान्तरण गरिएको |

| | | |
|---|---|---|
| ३ | प्रशिक्षक प्रशिक्षण तालिल सहायकस्तर | गण्डकी प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरु र स्थानिय तहमा कार्यरत ८ जना महिला तथा १८ जना पुरुष गरि जम्मा २६ जना सहायकस्तर कर्मचारीहरुलाइ तालिम संचालन सम्बन्धी ज्ञान, सिप हस्तान्तरण गरिएको |
| ४ | पशु प्रजनन् तथा कृत्रिम गर्भाधान तालिम सहायकस्तर | केन्द्रले संचालन गरेको ३ लट पशु प्रजनन् तथा कृत्रिम गर्भाधान तालिम मार्फत प्रदेशका सरकारी सेवामा कार्यरत तथा निजी क्षेत्रमा कार्यरत प्राबिधिक समेत गरि ४ जना महिला सहित जम्मा ३६ जना प्राबिधीकहरुलाइ कृत्रिम गर्भाधानकर्ताकोरुपमा बिकास गरिएको |
| ५ | असल पशु पालन अभ्यास तालिम अधिकृतस्तर | गण्डकी प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरु र स्थानिय तहमा कार्यरत ३ जना महिला तथा १६ जना पुरुष गरि जम्मा १९ प्राबिधीक अधिकृतहरुलाइ असल पशु पालन अभ्यास तालिम प्रदान गरी निजहरुलाइ GHP Auditor को लागि योग्य बनाइएको |
| ६ | असल पशु पालन अभ्यास तालिम सहायकस्तर | गण्डकी प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरु र स्थानिय तहमा कार्यरत ५ जना महिला तथा १२ जना पुरुष गरि जम्मा १७ जना प्राबिधीकहरुलाइ असल पशु पालन अभ्यास तालिम प्रदान गरीएको |
| ७ | मागमा आधारित व्यवसायीक गाई/भैंसी पालन तालिम कृषकस्तर | गण्डकी प्रदेशका बिभिन्न जिल्लाबाट सिफारिस भइ आएका ६ जना महिला सहित २० जना ब्यवसायिक गाईभैसीपालक कृषकहरुलाई गाईभैसीपालन सम्बन्धी प्राबिधकी ज्ञान, सिप हस्तान्तरण गरिएको |
| ७ | रेविज र लम्पी स्किन रोग विरूद्दको खोप खरिद कार्य वलपत्र मार्फत | बोलपत्रदाता छनोट भई सम्झौता कार्य बाँकी |

## १०. अनुदान कार्यक्रम विवरण

| स्वीकृत अनुदानका कार्यक्रमको नाम | इकाई | स्वीकृत जम्मा लक्ष्य | स्वीकृत जम्मा बजेट रु. लाख | प्राप्त प्रस्ताव संख्या | छनोट संख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| दुग्ध चिस्यान केन्द्र स्थापना तथा सुदृढिकरण सहयोग कार्यक्रम | संख्या | ५ | ५० | २६ | ५ |
| कोल्ड रुम स्थापना कार्यक्रम | संख्या | ३ | ३० | ९ | ३ |
| पशु कल्याण सहयोग कार्यक्रम | संख्या | २ | १० | ४ | २ |
| पशुपन्छी बधस्थल निर्माण सुधार | संख्या | ३ | १५ | ४ | २ |
| सार्वजनिक/निजी/समुदायको सहकार्यमा पशुपन्छी उत्पादन प्रवर्धन कार्यक्रम | पटक | १ | २२५ | सूचना आव्हान | |

## ११. तालिम सञ्चालन तथा पाठ्यक्रम विकास कार्यमा संलग्न समितिहरुः

### ८.१ तालिम निर्देशन समिति

क) सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय - संयोजक

ख) कार्यालय प्रमुख, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य

ग) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मन्त्रालय

-सदस्य

घ) प्रमुख, योजना महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय -सदस्य

ङ) वरिष्ठ अधिकृत, प्रशिक्षण, प्रविधि प्रसार तथा योजना शाखा, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य सचिव

### ८.२ पाठ्यक्रम विकास समिति

क) कार्यालय प्रमुख, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -संयोजक

ख) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मन्त्रालय -सदस्य

ग) वरिष्ठ अधिकृत, प्रशिक्षण, प्रविधि प्रसार तथा योजना शाखा, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य

घ) वरिष्ठ अधिकृत, अनुसन्धान, विकास तथा आपूर्ति शाखा, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य

ङ) जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुखहरु मध्ये कार्यालय प्रमुखले तोकेको एकजना -सदस्य

च) अधिकृत, अनुसन्धान, विकास तथा आपूर्ति शाखा, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य

छ) फोकल अधिकृत, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र - सदस्य सचिव

**तालिम व्यवस्थापन समिति**

क) वरिष्ठ अधिकृत, प्रशिक्षण, प्रविधि प्रसार तथा योजना शाखा, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र - संयोजक

ख) अधिकृत प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय -सदस्य

ग) जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अधिकृत मध्ये कार्यालय प्रमुखले तोकेको एकजना -सदस्य

घ) कार्यालय प्रमुखले तोकेको अधिकृतस्तर कर्मचारी, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य

ङ) फोकल अधिकृत, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र -सदस्य सचिव

## १२. सेवा शुल्कः

सबै सेवा निः शुल्क उपलब्ध

## १३. वेबसाइट/इमेल

https://ltcpokhara.gov.np/

https://lrdtcgandaki.gov@gmail.com

https://www.facebook.com/lrdtc.pokhara

## १४. सूचना वर्गीकरणः

सबै सूचना सार्वजनिक

**धन्यबाद!**